नेपाल सरकार
शिक्षा मन्त्रालय
(..... शाखा)

पत्र संख्या:-
चलानी नं.:-

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

दश लाख बालबालिकालाई विद्यालयमा ल्याउन थप पहल जरुरी

काठमाडौं, २० असोज २०७३ - नेपाल सरकार, शिक्षा मन्त्रालय र युनिसेफ नेपालद्वारा नेपालमा विद्यालय नजाने बालबालिकाको स्थिति समेटिएको विस्तृत प्रतिवेदन आज यहाँ एक कार्यक्रमबीच मा. शिक्षा मन्त्रीज्यूको प्रमुख उपस्थितिमा सार्वजनिक गरियो । उक्त कार्यक्रम माननीय शिक्षा मन्त्री र यूनिसेफका आवासिय प्रतिनिधि टोमो होजुमीले सम्बोधन गर्नु भएको थियो । "सबै बालबालिका विद्यालयमा" शीर्षकको उक्त प्रतिवेदनमा विद्यालय नजाने बालबालिकाका साथै विद्यालय गइरहेका तर विद्यालय छाड्ने जोखिममा रहेका बालबालिका सम्बन्धी विस्तृत समीक्षा गरिएको छ ।

उपलब्ध विविध तथ्याङ्कले के देखाएका छन् भने नेपालमा झण्डै दश लाख बालबालिका विद्यालय शिक्षामा अद्यापि समावेश छैनन् । नेपालमा उपलब्ध तथ्याङ्क एवं सन् २०११ देखि २०१४ बीचमा गरिएका पारिवारिक सर्वेक्षणका निचोडहरु अध्ययन गर्दा यस्तो वर्गीकृत आङ्कडा देखिएको हो, र देशको भौगोलिक अवस्थिति, जनताको आयको स्तर, लैंगिक, भाषिक आधार तथा जातीय वर्गीकरणका आधारमा सिर्जित असमानता तथा अबरोधहरुका विविध आयामहरुले गर्दा बालबालिका विद्यालयमा भर्ना नहुने र विद्यालय छाड्ने कारणहरु देखिएका छन् ।

विगत दशकमा शैक्षिक प्रणालीमा नेपालले व्यापक उन्नति गरेको भए पनि अधिकांश अवसरविहीन परिवारका धेरै बालबालिकाका लागि विद्यालयको सहज पहुँच उपलब्ध हुन सकेको छैन ।

"मुलुकका कानुनहरु, नीतिहरु र कार्यक्रहरु मार्फत् नेपाल सरकारले सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अथक प्रयास गरिरहेको छ," प्रतिवेदन सार्वजनिक गर्दै मा. शिक्षामन्त्री धनीराम पौडेलले बताउनुभयो । "हाम्रो खुद विद्यार्थी भर्ना दर अहिले ९६.६ प्रतिशत पुगेको छ, र शिक्षा सम्बन्धी हालैको आठौं संशोधनले शिक्षालाई नि:शुल्क गरेको छ र कक्षा ८ सम्म अनिवार्य बनाएको छ ।"

मा. मन्त्रीज्यूले अगाडी थप गर्नुभयो "म विश्वस्त छु कि आधारभूत शिक्षाका लागि विद्यालयको पहुँच बढाउने र विद्यालय भर्ना भइसकेका बालबालिकालाई त्यहीँ टिकाइराख्ने सन्दर्भमा सर्वाधिक जोखिममा रहेका बालबालिकाका बारेमा बुझ्न शिक्षा क्षेत्रका नीति निर्माताहरु, योजना निर्माणकर्ताहरु र कार्यान्वयनकर्ताहरुलाई यो प्रतिवेदन निकै उपयोगीसिद्ध हुनेछ भन्ने विश्वास लिइएको छ । साथै, अद्यापि समेट्न नसकिएका सम्बद्ध बालबालिकासम्म पुग्नका लागि बलियो साझेदारी निर्माण गर्न पनि यो प्रतिवेदन सहयोगी हुनेछ ।"

यो प्रतिवेदन विभेदीकरण अध्ययनको पाँच आयामिक मोडेल (Five Dimensions of Exclusion Model)लाई आधार मानेर विद्यालय नजाने बालबालिकाका बारेमा विश्लेषण गरिएको छ जुन विधिलाई विश्वव्यापी रुपमा प्रयोगमा

ल्याइने गरिएको छ । यो पाँच आयामिक मोडेलका आधारमा भेटिएका निचोडहरु प्रतिवेदनमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

- राष्ट्रिय जनगणना सन् २०११ अनुसार, ५-१२ वर्ष उमेर समूहका १४.३ प्रतिशत बालबालिका विद्यालय गइरहेका छैनन् जुन यो उमेर समूहमा कूल जनसंख्याको७ लाख ७० हजार हो ।
- विद्यालय नजाने ३५.२ प्रतिशत बालबालिका मध्य तराईका जिल्लाहरुमा बसोबास गर्दछन् - खासगरी रौतहट, सर्लाही, महोत्तर, धनुषा र बारा जिल्लामा । बाँकी २२ प्रतिशतमा बहुसंख्यक बालबालिका पूर्वी तराईका छन् ।
- विद्यालय छाड्ने जोखिममा रहेकाहरुमा- बढी उमेरमा विद्यालय भर्ना हुनेहरु, विद्यालयको पूर्व अनुभव नभएका कक्षा १ मा भर्ना भएका नयाँ विद्यार्थीहरु, कक्षा दोहोऱ्याउनेहरु, कक्षा ८ मा राम्रो अंक नल्याउनेहरु, बालश्रम, मौसमी आप्रवासी तथा विवाह बन्धनमा बाँधिने बालबालिका, शारीरिक रुपमा अस्वस्थ तथा विशेष शैक्षिक आवश्यकता रहेका बालबालिका, अल्पसंख्यक मातृभाषी बालबालिका, तथा भूकम्प-प्रभावित जिल्लामा बसोबास गर्ने- बालबालिका रहेका छन् ।
- नेपाली बालबालिकाका लागि शिक्षाका मुख्य बाधाहरुमा गारिबी, जातीय पक्षसँग जोडिएका सामाजिक विभेद, शारीरिक अस्वस्थता, आप्रवासन, बालश्रम, बाल विवाह, बेचबिखन, हानिकारक सामाजिक मूल्यमान्यता र लैंगिक पक्षपात, विद्यालयको पूर्वाधार र कर्मचारीको कमजोर अवस्था, भाषिक अवरोध, प्राकृतिक विपद् तथा बन्दहड्ताल, कमजोर सुशासन तथा आर्थिक स्थिति रहेका छन् ।

"मेरो विश्वास छ कि प्रतिवेदनमा औंल्याइएझैं विद्यालय नजाने बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विशेषताका आधारमा बढी सुसूचित नीतिहरु तयार गरिनु आवश्यक छ जसबाट समुदाय स्तरमा रहेका विद्यालयमा बालबालिकालाई ल्याउनेतर्फ नीतिगत तहबाटै अझ बढी ठोस पहल हुनेछ," युनिसेफ नेपालका प्रतिनिधि टोमू होजुमीले भन्नुभयो । "प्रतिवेदनको गहिराई, सुझाव तथा थप अनुसन्धानका क्षेत्रहरु पनि आगामी दिनमा नेपालको समतामूलक र गुणस्तरीय शैक्षिक प्रणाली हासिल गर्नेतर्फ महत्वपूर्ण हुनेछ - जसले विद्यालय छाड्ने जोखिममा रहेका बालबालिका समेत सबै बालबालिकाका लागि पूर्ण पहुँच, सहभागिता र राम्रो सिकाई सुनिश्चित गर्नेछ ।"

युनिसेफ र युनेस्को इन्स्टिच्यूट फर स्टाटिस्टीक (युआइएस)द्वारा सन् २०१० मा आरम्भ गरिएको विद्यालय बाहिरका बालबालिका सम्बन्धी विश्वव्यापी अभियानकै एक भागको रुपमा "विद्यालयमा सबै बालबालिका" सम्बन्धी यो प्रतिवेदन सार्वजनिक गरिएको हो । यो अभियानले आधारभूत शिक्षामा सहभागी गराउने सन्दर्भमा बालबालिकाकोशिक्षा प्राप्तिमा देखिएका अबरोधहरु पहिचान गर्ने, आङ्कडा र अनुसन्धानका आधारमा कमीकमजोरी पत्ता लगाउने, शैक्षिक बन्चितीकरणलाई सम्बोधन गर्ने सन्दर्भमा सुसूचित नीति निर्णयहरु गर्न प्रमाणहरु जुटाउने तथा सबै बालबालिकालाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेतर्फ नवीन कार्यहरु र फलोअपका लागि आधार तयार गर्दछ ।